आज मिति २०७६ साल जेष्ठ १३ गते सोमवार विहान ७:०० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

## आमन्त्रित

१. श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।

२. श्री रेशमराज अधिकारी स.ले.पा. ।

३. श्री रबिन्द्र कुमार चौधरी, स.क.अ. ।

## निर्णयहरु :

निर्णय नं. १ संघीय मामिला तथा सामान्य मन्त्रालयको च.नं. ६९७ मिति २०७६/२/७ को प्राप्त पत्रानुसार लागु औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम संचालन सम्बन्धमा स्थानीय तहलाई मार्ग दर्शन २०७६ को स्थानीय तहको लागु औषध नियन्त्रण समिति गठन गर्ने प्रावधान बमोजिम सम्बन्धित सरोकारवाहरुलाई बोलाई समिति गठन गर्ने ।

निर्णय नं. २ संसद रोड टेडी गल्ली को ग्राबेल योजनाको बजेट रु. १,००,०००/- लाई योजना संशोधन गरेर संसद रोड वड्का गल्ली देखि छुट्की गल्लीमा ग्राबेल गर्ने ।

निर्णय नं. ३ नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC) ले पेश गरेको एकिकृत सामुदायिक विकास परियोजना राप्ती गाउँपालिकाको विकट वस्तीहरुमा संचालन गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं. ४ यस गाउँपालिकाको वडा नं. ३ को कुँवा सरसफाई गर्न रु. ३८,०००/- मर्मत संभार कोषबाट भुक्तानी गर्ने ।

निर्णय नं. ५ नगर विकास ऐन, २०४५ (शंसोधन सहित) मा भएको व्यवस्था बमोजिम यस गाउँ कार्यपालिकाबाट मनोनयन हुने पद संख्या ३ मा तपसिल बमोजिमका पदाधिकारीहरुलाई मनोनयन गर्ने गरी बहुमतद्धारा पारित गरियो ।
तपसिल

१. राप्ती गाउँपालिका उपाध्यक्ष, श्री जगदम्बा कुमारी चौधरी ।
२. राप्ती गाउँपालिका, वडा नं. १, वडा अध्यक्ष, श्री तारा बहादुर डि.सी. ।
३. राप्ती गाउँपालिका, गाउँ कार्यपालिका सदस्य, श्री टेक बहादुर कुमाल ।

निर्णय नं. ६ राप्ती गाउँपालिकाको पाँचौ गाउँ सभा यथा समयमै सम्पन्न गर्नका लागि तपसिल बमोजिमको कार्यतालिका बमोजिमका कार्य गर्न सम्बन्धीत समिति तथा पदाधिकारीहरुलाई निर्देशन दिने निर्णय गरियो ।
तपसिल:

(क) मिति २०७६/०२/१५ सम्ममा टोल वस्ती स्तरका योजना तथा कार्यक्रमहरु छनौट गरी पेश गर्नका लागि सम्वन्धीत वडा समितिहरुलाई निर्देशन दिने ।
(ख) राजश्व परामर्श समितिको बैठक बसी परामर्श सम्बन्धी कार्य सम्पन्न गर्ने ।
(ग) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक जेष्ठ मसान्त सम्म सम्पन्न गर्ने ।
(घ) २०७६/०३/०६ गते सम्म वडा स्तरीय योजना तर्जुमा गरी २०७६/०३/०७ गते १२ बजे भित्र गाउँपालिकामा पेश गर्ने ।
(ङ) २०७६/०३/०७ गते दिउँसो २:०० देखि विषयगत समितिहरुको बैठक संचालन गर्ने ।
(च) २०७६/०३/०८ गते अपरान्ह १:०० बजे सम्म बजेट तथा कार्यक्रम तर्जुमा समितिले आफ्नो कार्य सम्पन्न गर्ने ।
(छ) २०७६/०३/०८ गते अपरान्ह २:०० बजे गाउँ कार्यपालिकाको बैठक संचालन गर्ने ।
(ज) २०७६/०३/०८ गते साँझ ४:३० बजे गाउँ सभाको प्रारम्भ गरी अध्यक्षद्धारा आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्ने ।
(झ) २०७६/०३/१० गते अपरान्ह १:३० बजेको गाउँ सभाको बैठकमा आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम माथि छलफल गरी निर्णयार्थ प्रस्तुत गर्ने ।
(ञ) २०७६/०३/१० गते अपरान्ह ३:३० बजेको गाउँ सभाको बैठकमा आ.व. २०७६/०७७ को बार्षिक आय-व्यय विवरण बजेट उपाधयक्ष द्धारा गाउँ सभाको बैठकमा प्रस्तुत गर्ने ।